लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, रोल्पा**

फोन नं.: ०८६-४४०११८/४४०३०२
९८५७८२४५०५/९८५७८७७०११
वेबसाइट: akcrolpa.lumbini.gov.np
इमेल: akcrolpa@gmail.com

प.सं.:-२०८२/०८३
च.नं.:-

मितिः २०८२।०८।०१

## कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव आह्वान गरिएको सूचना।

**प्रथम पटक प्रकाशन मिति :२०८२/०८/०१**

कृषि ज्ञान केन्द्र,रोल्पाको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८२/०८/१५ गते सम्म) यस कार्यालयमा तपसिलका कागजातहरु सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सुचनापाटी/वेवसाईट www. akcrolpa.lumbini.gov.np/ Facebook page (कृषि ज्ञान केन्द्र रोल्पा) बाट वा सम्बन्धित गाँउपालिका/नगरपालिकाको कृषि शाखाबाट समेत प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर (९८५७८२४५०५/९८५७८७७०११) मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

| क्र. स | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलाप | न्युनतम म्रापदण्ड, आवेदकको किसिम | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | अनुदानको सिमा | बिनियोजित बजेट रु लाखमा |
|---|---|---|---|---|---|---|
| १. | सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम | • सहकारी संघ/संस्थाहरु मार्फत कृषि पशुपन्छीजन्य उत्पादन, प्रशोधन, बजारीकरण सँग सम्वन्धित प्रविधिमा आधारित मेसिन,औजार,उपकरण, सामग्रीमा सहयोग।<br>• तालिम/सञ्चालन | • सहकारी संघ/संस्थाहरुले कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने,<br>• नयाँ व्यावसाय सहकारी संघ/संस्थाले आफैले सञ्चालन गर्नुपर्ने वा सञ्चालन गर्दै आएका व्यावसाय भएमा व्यावसाय वा प्रविधि विस्तार संग सम्वन्धित क्रियाकलापहरु थप गरी सञ्चालन गर्नुपर्ने,<br>• दर्ता भएको मितिले २ बर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/सस्थाहरु हुनुपर्ने,<br>• कानूनले तोकेको समयावधि भित्र वार्षिक लेखा परीक्षण र साधारणसभा सम्पन्न गरेको हुनु पर्ने,<br>• संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले आयोजना सञ्चालन गर्ने निर्णय गरेको प्रमाणित प्रतिलिपि पेश हुनुपर्ने,<br>• संस्थाको उद्देश्य र कार्यक्षेत्र प्रस्तावित आयोजना संग मेल खाएको हुनुपर्ने।<br>• कानूनी रुपमा समस्या ग्रस्त नभएका वा कालो सुचिमा नरहेको सहकारी संघ/सस्था हुनुपर्ने,<br>• दोहोरो अनुदान नपाएको सम्वन्धी स्वःघोषणा पत्र पेश गर्नु पर्ने।तर व्यावसाय विस्तार गर्ने क्रियाकलापको हकमा भने अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।<br>• अनुसूची २६ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने,<br>• २ लाख भन्दा कम लागतको प्रस्ताव पेश गर्न पाईने छैन,<br>• सहकारी संघ/संस्था छनोटका आधार अनुसूची २७ बमोजिम हुनेछ। | जिल्ला भरी | • सहकारी संघ/संस्थाले पेश गरेको प्रस्तावको कुल रकमको ५० प्रतिशत वा अधिकतम ५ लाख सम्ममा जुन कम हुन आउँछ सो रकम प्रदान गरिने। | ५(लाख) |

महेन्द्र कुमार ओझा
कार्यालय प्रमुख
मुख्य कृषि अर्थ विज्ञ (नवौं तह)



CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, रोल्पा

फोन नं.: ०८६-४४०११८/४४०३०२
९८५७८२४४०५/९८५७८७७०११
वेबसाइट: akcrolpa.lumbini.gov.np
इमेल: akcrolpa@gmail.com

प.सं.:-२०८२/०८३
च.नं.:-

मिति: २०८२।०८।०१

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | • प्राङ्गारिक उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ्ग, बजारीकरण, प्रमाणीकरण संग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्ने,<br>• क्षमता अभिवृद्धि/तालिम, सचेतना, प्रचार प्रसार प्रदर्शनी,<br>• भकारो सुधार/मलखाद सुधार, प्राङ्गारिक मल उत्पादन, जैविक विषादी, पासोहरु,औजार उपकरण आदी उपलब्ध गराउने। | • कार्यालयले उपयुक्त स्थान छनोट गर्ने,<br>• कृषक/फर्म/समुह/कृषि सहकारी/समितिको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,<br>• औपचारिक संस्था नभएमा कम्तीमा १५ घरधुरी समेटी कार्यक्रम सञ्चालन गर्न सकिने। | जिल्ला भरी | • कार्यालयले लागत अनुमान स्वीकृत गरि कार्यक्रम सञ्चालन गर्ने।<br>• प्रति आयोजना अधिकतम रु. १ लाख सम्म खर्च गर्न सकिने | ४(लाख) |
| ३. | बाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (२.५ हे) | • बीउ/बिरुवा तथा अन्य उत्पादन सामाग्री सहयोग।<br>• क्षमता अभिवृद्धि।<br>• प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा।<br>• प्रशोधन तथा बजारीकरण सहजिकरण।<br>• फलफूल बालिको हकमा खाडल तयारी<br>• तरकारी बालीको हकमा प्लाष्टिक टनेल निर्माण। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी सहभागी हुन सक्ने,<br>• देहाय बमोजिमको मापदण्ड अनुसार Cluster Approach मा क्षेत्रफल विस्तार हुनुपर्ने।<br>क्र.स / बाली/जिल्ला / न्युनतम क्षेत्रफल(हे.)/क्लस्टर / अधिकतम अनुदान:<br>१. / स्याउ / १ हे. / ४ लाख<br>• कार्यालयले प्राविधिक टोली गठन गरी स्थलगत अवलोकन तथा परामर्श गरी कार्यक्रम स्थल छनोट गर्ने,(क्षेत्र छनोटका सुचना आहान गर्नुपर्ने छैन)<br>• स्याउको हकमा न्युनतम क्लष्टर क्षेत्र पुग्ने गरी अनुदानग्राही स्वयंमले बिरुवा खरीद गरी क्षेत्र बिस्तार गर्ने भएमा खाडल, मलखाद, सुक्ष्म तत्व, बाली संरक्षण सेवा, सिंचाइ व्यवस्थापन लगायतका कार्यमा अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। | जिल्ला भरि स्याउ उत्पादन हुने क्षेत्र। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• बीउ/बिरुवा खरिद, उत्पादन, प्रशोधन, उपकरण, बजारीकरण सामग्रीमा ५० प्रतिशत, फलफुल बालीको हकमा प्रति खाडल (कम्तिमा ३•३•३ घन फुट) का लागि रु.२०० का दरले खर्च गर्न सकिने। | ८(लाख) |

<u>संलग्न गर्नुपर्ने कागजातहरु:</u>

१. प्रस्तावकको निवेदन। (अनुसूची २३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारीको)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-२४ वमोजिम)।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. दोहोरो अनुदान नलिएको स्वःघोषणा।(अनुसूची ३१ बमोजिम)।
८. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (संस्था/समुह/कम्पनी/सहकारीको हकमा।
९. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
११. जग्गा धनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

पुनश्चः माथि उल्लेखित कार्यक्रमहरु लुम्बिनी प्रदेश सरकार कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालयको "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२" अनुसार मात्र संचालन हुनेछ। साथै उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रकिया नपुगेका आवेदनहरु माथी कुनै प्रक्रिया अघि बढ्ने छैन।

महेन्द्र कुमार ओझा
कार्यालय प्रमुख
मुख्य कृषि अर्थ विज्ञ (नवौं तह)



CamScanner